मिति २०७४/९/२८ गतेको बुटवल टुडेमा प्रकाशित


देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
देवदह, रुपन्देही
५ नं. प्रदेश, नेपाल

०७१-५७७३०३
०७१-५७७२९२
०७१-५७७४०३


प.स. : ०७४/०७५
चलानी नं. ८८२

प्रथम पटक प्रकाशित मिति : २०७४/०९/२७

## करार सेवामा पदपूर्ति सम्बन्धी सूचना

देवदह नगरपालिका, नगर कार्यपालिकाको मिति २०७४/६/९ र २०७४/९/२० को निर्णयानुसार आ.व. ०७४/०७५ को लागि यस नगरपालिकाका लागि आवश्यक तपशिल अनुसारका पदमा सेवा करारवाट कर्मचारीको पदपूर्ति गर्नु पर्ने भएकोले तपशिलका शर्तहरुको अधिनमा रही काम गर्न इच्छुक देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुवाट दरखास्त आव्हान गरिएको छ ।

### तपशिल :

| क्र.स. | विज्ञापन नं. | पद / श्रेणी | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षाको मापदण्ड | तलव स्केल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २/०७४/०७५ | सव-इन्जियिर सिभिल, (पाँचौ तह) | २ (दुई) | मान्यता प्राप्त शैक्षिक संस्थावाट सिभिल इन्जिनियरिङ्गमा डिप्लोमा/प्रमाण पत्र तह वा सो सरह | लिखित तथा अन्तर्वार्ता | नेपाल सरकारको शुरु तलवमान बमोजिम | कन्टेन्जिसी वाट व्यहोने गरी |
| २ | ३/०७४/०७५ | सवारी चालक (श्रेणी विहिन) | ह.स.चा. २ (दुई) हे.स.चा. १(एक) | सामान्य लेखपढ गर्न जान्ने हलुका सवारी साधन तथा हेभी सवारी चालकको License प्राप्त | प्रयोगात्मक र अन्तर्वार्ता | नेपाल सरकारको शुरु तलवमान बमोजिम | सेवा करार |
| ३ | ४/०७४/०७५ | कार्यालय सहयोगी (श्रेणी विहिन) | २ (दुई) | सामान्य लेखपढ गर्न जान्ने | अन्तर्वार्ता | नगरपालिकाले तोके बमोजिम | कन्टेन्जिसी वाट व्यहोने गरी |

**आवेदन दिनुपर्ने अन्तिम मिति** : सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र ।

**उमेर** : दरखास्त दिने अन्तिम म्याद सम्म पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**आवश्यक कागजात** : व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभव भए अनुभवको प्रमाणपत्रहरु तथा अन्य कागजातहरु ।

**दरखास्त फारम** : नगरपालिकाले तोके अनुसारको ढाँचामा भरी देवदह नगरपालिका कार्यालयमा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ । दरखास्त फारम देवदह नगरपालिकाको वेभसाइट www.devdahamun.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

**परीक्षा मिति** : लिखित परीक्षा, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षाको समय तालिका पछि तोकिनेछ ।

**आवेदन शुल्क** : सिभिल सव-इन्जिनियरको हकमा रु. ७००/- र बाँकी सबै पदको लागि रु. ५००/- लाग्नेछ ।

**सवारी चालक र कार्यालय सहयोगीको हकमा अनुभवीलाई प्राथमिकता दिइनेछ ।**

२०७४/९/२६
श्रीकृष्ण नेपाल
प्रमुख प्रशासकीय अधिकृत